मिति २०८१/०६/१४ गते आ.ब.०८१/०८२ को नगर कार्यपालिकाको चौथो कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | विपद् व्यवस्थापन सम्बन्धमा । | मिति २०८१ असोज ११ र १२ गतेको अबिरल वर्षा पछिको विपद्जन्य घटनाको सम्बन्धमा देहायको निर्णय गरियो ।<br>(क) बाढी तथा पहिरोमा परी ज्यान गुमाउनु हुने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्ने । मृतकका परिवारलाई किरिया खर्च स्वरुप प्रति व्यक्ति रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ) उपलब्ध गराउने ।<br>(ख) बाढी तथा पहिरोमा परी घाईते हुनु भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारका लागि नेपाल सरकार तथा सम्बन्धित अस्पतालहरुसँग आवश्यक समन्वय गरी उपचारको प्रबन्ध मिलाउने ।<br>(ग) नगर कार्यपालिका तथा वडा कार्यालयका प्राविधिक कर्मचारीको सहयोगमा बाढी तथा पहिरोका कारण भएको क्षतिको विवरण तीन दिन भित्र संकलन गरी वडा कार्यालयहरुले नगरपालिकामा पठाउने ।<br>(घ) विपद्मा घरबार विहिन भई गाँस-बाँस समस्या भएको, घर पहिरोको जोखिममा परी त्रिपाल आवश्यक भएको र अत्यावश्यक सवारी आवागमनका लागि वडास्तरीय सडक सुचारु गर्न वडा नं.१, ८ र ९ लाई प्रति वडा रु.५,००,०००।- (पाँच लाख रुपैयाँ) र बाँकी वडाहरु २, ३, ४, ५, ६ र ७ लाई प्रति वडा रु.३,००,०००।- (तिन लाख रुपैयाँ) का दरले तत्काल विपद व्यवस्थापनका लागि सम्बन्धित वडा सचिवलाई प्रचलित कानून बमोजिम खर्च गर्ने गरी पेश्की स्वरुप रकम उपलब्ध गराउने ।नगरपालिकामा समेत विपद व्यवस्थापनका सामाग्रीको प्रवन्ध गर्ने ।<br>(ङ) नगर विपद् व्यवस्थापन कोषमा रु.५० लाख रकक थप गर्ने ।<br>(च) विपदको वास्तविक अबस्थाको श्रव्यदृष्य माध्यमबाट अभिलेख राख्न ड्रोन प्रविधिको माध्यमबाट सबै वडाको क्षतिको विवरण संकलन गर्ने ।<br>(छ) कृषि बाली तथा पशुपंक्षी क्षतिको विवरण संकलनका लागि आर्थिक विकास समितिको नेतृत्वमा कृषि र पशुसेवा उपशाखालाई जिम्मेवारी दिने ।<br>(ज) विद्यालय लगायतका शैक्षिक क्षेत्र तथा स्वास्थ्य संस्थाहरुको क्षतिको विवरण संकलनका लागि समाजिक विकास समितिको नेतृत्वमा शिक्षा र स्वास्थ्य शाखालाई जिम्मेवारी दिने । |